# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं. १, नेपाल

## इटहरी उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९।०५।२७ गते

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०७९।८० का लागि आर्थिक ऐन २०७९ को दफा २० अनुसार आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले देहायका शर्त बन्देजको अधीनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र खरिद तथा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम् वार्षिक ठेक्का अङ्क रु. (मु.अ.क. सहित) | धरौटी | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ~~ITR/NCB/105R/078/079~~ (राजस्व) ITR/NCB/6R/079/080 | कवाडी कर ठेक्का इटहरी उपमहानगरपालिका क्षेत्र | एक वर्ष | ८४,७५,०००। | कबोल अङ्कको ५% | रु.३०००। |

शर्तहरु:

- फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाण–पत्र, आ.व. २०७८।०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा सो प्राप्त भईनसकेको भए आ.व. २०७७।०७८ को करचुक्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३०००००१००१००००००१ मा नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय विस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ।
- बोलपत्र पेश गर्ने अन्तिम समय सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मा जारी भए बमोजिम हुनेछ।
- प्रि–बिड बैठक यो सूचना प्रकाशित मितिले ९ औं दिन दिनको २.०० बजे इटहरी उप–महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हाँसिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। कबाडी कर संकलन गर्दा यस उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ मा तोकिएबमोजिमको दररेटमा संकलन गर्नुपर्नेछ।
- यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध हुनेछ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।
- विस्त्रित जानकारीको लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

# इटहरी उप-महानगरपालिका

## नगरकार्यपालिकाको कर्यालय

## इटहरी, सुनसरी

ITL/NCB/6R/079/080

आर्थिक वर्ष २०७९।८० को कबाडी कर संकलन ठेक्का इटहरी उपमहानगरपालिका क्षेत्रको बोलपत्र फारम ठे.नं. ~~ITR/NCB/105R/078/079~~ (राजस्व)

दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/२७ गते

| न्यूनतम ठेक्का अङ्क रु. मु.अ.क. समेत | कबोल अङ्क रु. | | धरौटी (बैङ्क भौचर अनुसार) | | कैफियत |
|---|---|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | अङ्कमा | अक्षरमा | |
| रु. ८४,७५,०००।(चौरासी लाख पचहत्तर हजार मात्र) | | | | | |

१. उपरोक्त कबोल अङ्कको मेरो बोलपत्र स्वीकृत भएमा यस कार्यालयले तोकेको आर्थिक ऐनमा उल्लेख भएको २०७९।८० को दररेट बमोजिम मात्र कर असुल उपर गर्ने छु। अन्य शर्तहरु नगरपालिकाबाट निर्धारण गरे अनुसार मान्य हुनेछ।

२. इटहरी उपमहानगरपालिकाको निर्णय र निर्देशन बमोजिम ठेक्का सम्बन्धी काम गर्नेछु।

३. सम्झौता तथा कबुलियतनामा कागज र पुर्जीमा भएको शर्तहरुको पूर्ण रुपले पालना गर्नेछु।

४. अग्रिम रकम दाखिला नभए पहिलो किस्ता नगद नै बुझाइ बाँकी रकम बराबरको आर्थिक वर्ष २०८०।८१ असोज मसान्तसम्मको म्याद भएको बैङ्क ग्यारेण्टी पेश गर्नेछु।

५. उपरोक्त बमोजिम नगरेमा प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु भनी यो बोलपत्रमा सहिछाप गरिदिए।

**बोलपत्र दाताको**

नामः

वतनः

सहिछापः

मितिः